# उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रम कार्यविधि, २०७५

__प्रस्तावना__ : दुग्ध उत्पादक सहकारी संस्था मार्फत दूध बिक्री गर्ने कृषकहरुलाई बिक्री परिमाणका आधारमा रही अनुदान उपलब्ध गराउँदा कृषक बर्गमा उत्साह बढ्ने तथा हाल भैराखेको दूध उत्पादन बढ्न जाने देखिएकोले प्रदेश सरकार, प्रदेश नं. ५ को आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रमको बुदा नं. ६२ लाई सम्बोधन गर्न पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको उत्पादन (दूध) मा आधारित किसान सहयोग कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रम कार्यविधि, २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेद १

## __प्रारम्भिक__

१. __संक्षिप्त नाम र प्रारम्भः__ (१) यस निर्देशिकाको नाम "उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रम कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. __परिभाषाः__ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "कार्यालय" भन्नाले मन्त्रालय तथा निर्देशनालयले तोकेको निकाय सम्झनु पर्नेछ ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ग) " कार्यविधि" भन्नाले "उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रम कार्यविधि, २०७५" सम्झनुपर्छ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तरगतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले दफा ६ अनुसार मन्त्रालयस्तरमा गठित समिति सम्झनुपर्छ।

३. __उद्देश्यहरुः__

(क) दूधको गुणस्तर मापदण्ड कायम गरी दुग्ध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित एवं दिगो बनाउन प्रोत्साहन गर्ने।

(ख) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने।

(ग) अनुदान वितरण नीतिलाई प्रकृयामूखी बाट परिणाममूखी तर्फ लैजाने।

(घ) उत्पादनमा आधारित अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।

(ङ) उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

४. <u>कार्यक्रम सञ्चालन प्रकृया:</u> (१) निर्देशनालयले अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा प्रस्ताव आव्हान गर्नेछ।

(२) ईच्छुक दुग्ध उत्पादक सहकारी संस्थाले तोकिएको म्याद भित्र अनुसूची २ को ढाँचामा मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा आवेदन दिनुपर्नेछ। यस कार्यक्रममा सम्मिलित हुन चाहने सहकारी संस्थाले दफा ५ बमोजिम मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

(३) निर्देशनालयमा प्राप्त आवेदनहरुलाई मूल्याङ्कन समितिले अनुसूची ३ वमोजिम मूल्याङ्कन तथा प्राथमिकिकरण गरी अनुदान व्यवस्थापन समिति समक्ष पेश गर्नेछ।

(४) अनुदान व्यवस्थापन समितिले मूल्याङ्कन समितबाट सिफारिस भई आएका आवेदनहरु स्वीकृत गर्ने छ ।

(५) अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी, संघ/संस्थासँग निर्देशनालयले अनुसूची ४ बमोजिम सम्झौता गर्नेछ।

(६) सम्झौतापछि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई निर्देशनालयबाट विनियोजित बजेटको परिधी भित्र रही उक्त संस्थाको नाममा सञ्चालन भएको बैंक खातामा अनुदान रकम उपलब्ध गराउनेछ।

(७) अनुदान रकम प्राप्त गर्नका लागि सहकारी संस्थाबाट छनौट भएका कृषकहरुलाई सहकारी संस्थामा दूध संकलन रेकर्ड तथा अडिट रिपोर्टको आधारमा प्रति लिटर परल मूल्यमा बढीमा रु. २ थप रकम उपलब्ध गराउनेछ। यदि विनियोजित रकमभन्दा माग बढी भएमा बजेटको परिधिभित्र रही कृषकहरुलाई दामासाहीले रकम बितरण गरिनेछ।

(८) दुग्ध उत्पादक सहकारी संस्थाले आफुमा आवद्ध वा उक्त संस्थामा दूध संकलन गर्ने मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान रकम बैंक/वित्तिय संस्थामा रहेको खातामा जम्मा गरेको वा व्यक्तिलाई बुझाएको प्रमाण सहितको पूर्ण विवरण निर्देशनालयमा पेश गर्नु पर्नेछ।

५. <u>दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड:</u> दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड देहायबमोजिम हुनेछः

(क) दैनिक संकलित दूध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गर्ने वा अन्य डेरी उद्योगलाई बिक्री गरी दूध र दुग्धजन्य पदार्थहरुको बेचविखनको प्रबन्ध गरेको हुनुपर्नेछ ।

(ख) तराईको जिल्लाको हकमा दैनिक कम्तिमा १००० लिटर, उच्च पहाडी जिल्लाहरुको हकमा दैनिक कम्तिमा १५० लिटर दूध र पहाडी जिल्लाहरुको हकमा दैनिक कम्तिमा ४०० तथा वार्षिक कम्तिमा २०० दिनसम्म दूधको कारोवार गरेको हुनु पर्नेछ।

(ग) गत आ.व. को श्रावण महिना देखि चालू आ.व. को आषाढ मसान्त सम्म गरेको दूधको कारोवारको अभिलेख पेश गर्नु पर्नेछ।

(घ) दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध ५०% भन्दा बढी पशुपालक कृषकहरुले पशु विमा गरेको हुनुपर्नेछ ।

(ङ) सहकारीले कारोवार गर्ने गरेको दूधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

(च) सम्बन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्नेछ।

६. **समितिसम्बन्धी व्यवस्थाः** (१) कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| (ख) प्रमुख | पशुपन्छी विकास महाशाखा, भु. कृ. स. म. | सदस्य |
| (ग) प्रमुख | अनुगमन तथा योजना महाशाखा,भु. कृ. स. म. | सदस्य |
| (घ) व.म.वि.अ. | मत्स्य विकास शाखा | सदस्य |
| (ङ) व प चि | पशु स्वास्थ्य इपिडेमियोलोजी तथा नियमन शाखा | सदस्य |
| (च) प्रमुख | आर्थिक प्रशासन, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (छ) व.प.वि.अ. | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा | सदस्य-सचिव |

(२) अनुदान व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्ने।



कृषि तथा ...
प्रदेश नं.५
बुटवल, नेपाल

(४) कार्यक्रम सञ्चालन गर्नको लागि पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) व.प.वि. अ. | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा | संयोजक |
| (ख) कृषि अर्थ विज्ञ | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा | सदस्य |
| (ग) म.वि. अ. | मत्स्य विकास शाखा | सदस्य |
| (घ) प. चि. | पशु स्वास्थ्य इपिडेमियोलोजि तथा नियमन शाखा | सदस्य |
| (ङ) लेखा प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (च) प.वि.अ. | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा | सदस्य-सचिव |

(५) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) मागमा आधारित अनुदान कार्यक्रम सञ्चालनको लागि पेश भएका प्रस्तावहरुको अनुसूची ३ अनुसार प्रारम्भिक मूल्याङ्कन गर्ने गराउने ।

(ख) फिल्ड प्रमाणिकरण टोली गठन तथा सहजीकरण गरी कार्य गराउने।

(ग) आवश्यकताका आधारमा नमूना स्थलगत प्रमाणिकरण गर्ने, अनुगमन तथा मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्ने।

७. <u>आर्थिक प्रशासन सेवाः</u> कार्यक्रमको आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधी ऐन, २०५५ नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधी र मितव्ययिता- सम्वन्धी निर्देशिका, २०७५ तथा प्रचलित कानून बमोजिम हुनेछ।

८. <u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय वा निर्देशनालयले तोकेको निकायहरुले गर्नेछन् र सोको प्रगति प्रतिवेदन समयमा नै मातहतका निकायमा पठाउनु पर्नेछ ।

९. <u>थपघट वा हेरफेर गर्न सक्नेः</u> (१) यस निर्देशिकाको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन निर्देशनालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

(२) यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि निर्देशनालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

अनुसूची १

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही

**उत्पादन प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रम कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हानको ढाँचा:**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आर्थिक वर्ष २०७४/०७५ स्वीकृत कार्यक्रम अनुसार उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालय वा मन्त्रालयले तोकेको .................. कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव पत्रका साथ पेश गर्नुपर्ने कागजातको विवरण, निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना, सिफारिस पत्र, निर्देशनालयको वेबसाइट dolfd.p5.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

अनुसूची २

दुग्ध उत्पादक सहकरी संस्थाले मन्त्रालय/तोकिएको कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री निर्देशक ज्यू,

........................................................................ ।

मार्फतः ............................

विषयः "उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति ........................... मा प्रकाशित सूचना अनुसार यस ........................... दु.उ.स. संस्था लि. ले उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१) कूल सदस्य संख्या .............

२) गत वर्ष कूल दूध संकलन लि. (औषत दैनिक ...... लि., मासिक....... लि. र वार्षिक ...... लि.)

३) गत वर्ष कूल अधिकतम दूध संकलन ...... महिना, ............. लि.

४ गत वर्ष कूल न्यूनतम दूध संकलन ...... महिना, ............. लि.

५ संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः

क) .............

ख) .............

६) मिल्क एनालाईजरको प्रयोग भएको/नभएको

७) वार्षिक साधारण सभा भएको भए गत वर्षको प्रमाण

८) जम्मा संकलन केन्द्र संख्याः

९) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको /नभएको

१०) दूधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने / जानकारी दिने गरेको/ नगरेको

११) आफ्नो चिलिङ्ग सेन्टर भएको/ नभएको

१२) दूध विविधिकरण र विक्री वितरण गरेको/ नगरेको

क)गरेको भए कुन कुन पदार्थ बनाउने गरिन्छ, दैनिक औषत परिमाण

| पद्धार्थको प्रकार | परिमाण |
|---|---|
| .............. | ........... |

ख) विक्री गर्ने बजार /स्थल ...........

१३) सहकारी दर्ता/नविकरणको प्रमाण

१४) कुनै प्रकारको कार्वाहीमा नपरेको वा परेको स्वःघोषणा

१५) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड

१६) कर चुक्ता प्रमाण पत्र

१७) लेखापरीक्षण प्रतिवेदन।

## अनुसूची ३

### कार्यक्रम सञ्चालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| आवेदक संस्थाको नाम | मिल्क एनालाईजरको प्रयोग २५) | दुग्ध उत्पादक (कृषक सदस्य संख्या (२५) | दैनिक दूध संकलन र प्रशोधन गरेको परिमाण लिटर (२५) | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कुल प्रासांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*+ ५० सम्म सदस्य संख्या हुने संस्थालाई २० र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अंक दिनु पर्नेछ ।

* उच्च पहाडी क्षेत्रको हकमा १५० देखि ४०० लि. सम्म २० र ४०० लि. भन्दा माथि २५ अंक, पहाडी क्षेत्रको हकमा ४०० देखि १००० लि. सम्म २० र १००० लि. भन्दा माथि २५ अंक तराई क्षेत्रको हकमा १००० देखि १५०० सम्म २० र १५०० भन्दा माथि २५ अंक दिनुपर्नेछ।

मूल्यांकन समितिका पदाधिकारीहरुको:

नाम थर: पद: कार्यालय/ठेगाना दस्तखत

१.

२.

३.

४.

अनुसूची ४

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र दुग्ध उत्पादक सहकारी संस्था विच हुने सम्झौताको ढाँचा

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र ......................... दुग्ध उत्पादक सहकारी संस्था ............ (यसपछि दोश्रो पक्ष भनिने) बिच उत्पादन (दूध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिलः

१. प्रथम पक्षले दोश्रो पक्षलाई स्विकृत भए अनुसारको रकम रु ............................ ( अक्षरमा ........................) दोश्रो पक्षको बैंक खातामा एकमुष्ट जम्मा गरिदिने छ ।
२. दोश्रो पक्षले सहकारीमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।
३. अनुदान प्राप्त रकम मध्ये दोश्रो पक्षले गत वर्ष विक्रि गरेको दूधको परिमाणका आधारमा कृषकहरुलाई एक मुष्ट उपलब्ध गराउनु पर्नेछ ।
४. दोश्रो पक्षले प्राप्त अनुदानमा सञ्चालन खर्च कटाउन पाउने छैन ।
५. दोश्रो पक्षले रकम वितरण गर्दा मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालय वा स्थानिय तहका प्रतिनिधिहरुको रोहवरमा गर्नेछ।
६. दोश्रो पक्षले उत्पादन स्थल देखि आफुले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तर युक्त दूधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।
७. अनुदान रकम वितरण गरेको सक्कल प्रति यस मन्त्रालयमा २०७..... जेष्ठ मसान्तमा पेश गर्नु पर्ने छ।
८. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ।
९. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |

१०

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

| | |
|---|---|
| संस्थाः | कार्यालयः |
| रोहवर | |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्बत्............. साल ............. महिना ....... गते रोज ....... शुभम् ।